क्रुसको न्यायिक काम वा मानिस पापले गर्दा दोषी ठहरिएकोले उसलाई निर्दोष बनाउन क्रुसले गरेको पहललाई वा पापको ज्याला तिरेर मानिसलाई उद्धार गरेको कार्यलाई गहिरो ज्ञान नभएको देखाउँछ। अर्थात् येशु केवल पिताको प्रेम देखाउन मात्र मर्नुभयो; परमेश्वर पिताको सम्मुख हाम्रो न्यायिक रूपमा खडा हुने कुरामा केही परिवर्तन भएको छैन। यसले गर्दा क्रुसको मतलब हामी परिवर्तन भएर परमेश्वरप्रतिको धारणा बदल्नु मात्र हो भन्ने अपूर्ण ज्ञान उनीहरूले प्रस्तुत गर्दछन्। तर यो धारणामा मूलभूत कुरामा कमजोर देखिन्छ र आखिरमा येशुको मृत्युको कारण त्यस्तो सन्तोषजनक दृष्टिकोण प्रस्तुत भएको देखिँदैन। यस्तो खालको दृष्टिकोणले मानिसलाई असल काम वा सुकर्मले मुक्ति पाउँछ भन्ने अवधारणालाई प्रोत्साहन कसरी गर्न सक्दछ?

ख क्रुसको कारण सारा जगत् सुरक्षित भएको छ भन्ने तर्कलाई अरू ध्यान दिनुहोस्। यसले क्रुसको बारेमा के भन्दछ र यसले कस्तो महान् विषयलाई समाधान गरेको छ? परमेश्वर र सैतानका बीचमा भएको महान द्वन्द्वको बारेमा ज्ञान पाएर क्रुसमा के भयो त्यसलाई सऱ्हाना गर्न हामीलाई कस्तो सहयोग पुऱ्याउँछ?

सुरु देखि नै येशुको जीवन र मृत्यु हाम्रो लागि रहस्यमय भएर प्रस्तुत गरेको पाउँछौं। कति कुराहरू हामीलाई थाहा भए तापनि अरू कति कुराहरू हाम्रा निम्ति रहस्यमय नै भइरहेको पाउँछौं। नबुझेको कुराको बारेमा परमेश्वरलाई नै सुम्पिराखेर उहाँमा विश्वास गरी कसरी अडिग रहने? विश्वासलाई थामी राख्ने मूल साँचो वा मन्त्र के हो? १ कोरन्थी २:२ हेर्नुहोस्।



अध्याय १०

# येशुको मृत्युको अर्थ

**यो अध्याय यी पदहरूमा आधारित छन्:** मत्ती १६:२१, २६:५२-५४, मर्कुस १०:४५, लुका १८:३१-३३, युहन्ना ३:१४, हिब्रु ९:२५-२८, मत्ती २७:२७-३१, ४५-५४, मर्कुस १५:२१-३२, युहन्ना १९:२८-३०, १ कोरन्थी २:२, १५:३, गलाती ६:१४ रोमी ५:१०,११, २ कोरन्थी ५:१८-२१, एफिसी २:१६, कलस्सी १:२०-२२, रोमी ३:१०,२३, १५:३, गलाती ६:१।

**स्मरण गर्नुपर्ने पद:** "मानिसको पुत्र कसैको सेवा पाउन आएको होइन, बरु सेवा गर्न आएको हो, र आफ्नो जीवन (ज्यान) दिएर पापको बन्धनमा परेका धेरैको मुक्तिका लागि मोल चुकाउन आएको हो।" मर्कुस १०:४५।

एउटा उल्लेखनीय पत्रिकाको मूल रचनामा एक पुरुषहरूको समूहले बाइबल अध्ययन गरेको बारेमा लेखेको थियो। त्यसको विषय के थियो त?सैतानले मानव जातिलाई अपहरण गरेर पापको नियन्त्रणमा राखेको हुनाले त्यसलाई छुटाउन येशुले आफ्नो मृत्युद्वारा मोल तिरेर तिनीहरूलाई, (विशेष गरेर जसले विश्वास गर्छन्), जसरी उद्धार गर्नुभयो त्यसका बारेमा गहिरिएर अध्ययन गरेका थिए। तिनीहरूको तर्क वितर्कहरूमाः यदि परमेश्वरले येशुलाई केवल असल नीति शिक्षाहरूलाई मात्र, जस्तै आफ्ना शत्रुहरूलाई माया गर्नुपर्छ भन्ने दिन आउनुभएको भए त्यसको अर्थ के हुने थियो? के उहाँ, मानिसहरूलाई अनन्त जीवनको आचारसंहितालाई मानून् भनेर पहल गर्नको साथै बेजोडको दुःख भोग्न र मर्न पनि आउनुभएको हो? यदि हो भने, किन? केवल उहाँका उपदेशहरू, शिक्षाहरू, नीतिवचनद्वारा निर्देशनहरू दिएर मात्र पुग्दैन र? के उहाँ एक तपस्वी भएर, सिद्ध काम गरेर वा उल्लेखनीय दर्शन शिक्षा दिएर भगवान् वा महात्माको पगरी लगाउन आउनुभएको हो त? के येशु यस संसारमा अरू अनगिन्ती भगवान्हरू वा प्रबुद्ध

(Enlightened) वर्गहरूको ताँतीमा रहेर मानिसहरूले पूजा गरून भनेर आउनुभएको हो त? फेरि उहाँ मर्नुभयो रे, त्यो पनि दुई हजार वर्ष अघि, शताब्दीयौं पछिका हामीलाई उहाँको मृत्युसँग के सरोकार छ?

येशु मर्नुभएको करिब दुई हजार वर्षपछि पनि इसाईहरूको निम्ति उहाँको क्रुस अझ चुनौतीको रूपमा धरोहर भएर खडा भइरहेको छ। साँच्चै भन्ने हो भने, उहाँको मृत्यु अघि नै परमेश्वरका विभिन्न नवी वा भविष्यवक्ताहरूले उहाँको दुःखकष्टको र उहाँको महिमाको ज्ञान पाएर त्यसको समय र परिस्थितिलाई जान्न उनीहरूलाई पवित्र आत्माले उत्सुक गराएका थिए (१ पत्रुस १:१०,११)।

येशु किन पापको बलि हुन आउनुभयो, उहाँको मृत्युले के कुरा सम्पन्न भयो र सताव्दियौं पछिका हामीहरूलाई त्यसको के सरोकार छ वा त्यसले हाम्रो जीवनमा के प्रभाव पार्दछ, चाहे त्यो वर्तमान जीवनकालमा होस् वा अनन्त जीवनमा होस् आदिलाई लक्षित गर्न अध्ययन गर्न गइरहेका छौं। के येशुले केवल परमेश्वरको प्रेम देखाउनलाई मात्र मर्नु भएको हो त जसले गर्दा परमेश्वरप्रति हाम्रो भावमा परिवर्तन आओस् वा उहाँप्रति कृतघ्न हुन त्यसतो चालचल्नु भएको हो, वा येशुको मृत्युले परमेश्वर र हाम्रो बीचको सम्बन्धलाई कस्तो किसिमको परिवर्तन ल्याउन खोज्नुभएको हो। यी र अरू धेरै यस्ता गहिरा र अत्यन्त गरिमामय विषयहरू हाम्रा लागि चासोका विषय हुन्।

### १. मर्ने उद्दश्य लिएर जन्मनुभएको

लुका २:२५-३५ पढ्नुहोस्। यस अंशको अर्थ के हो? मेरीलाई के सन्देश सुनाइएको थियो? येशुका बारेमा के तथ्य बताइएको छ?

केवल लुकाले मात्र यो वृत्तान्त उल्लेख गरेको छ, तर प्रभावशाली रूपमा प्रस्तुत गरिएको आशय, एकदम सरल र गहिरो छ। परमेश्वरको भक्त सिमोनलाई पर्खिरहेको मसिह भेट्ने अवसर मिलेको थियो। उसले त्यस बालकका आमाबाबुलाई यसको भविष्यको रहस्यलाई स्पष्ट एवं संक्षिप्त रूपमा प्रकाश पार्दछः "हेर, यो बालक



यो कस्तो तर्क हो, क्रुसको सत्‌ले स्वर्गका दूतहरू पनि विद्रोह गर्नबाट सुरक्षित रहन्छन् अरे ! यो कस्तो अचम्मको दर्शन ! पाप नगरिएका र उद्धार गर्न नपरेका अपतित जीवहरूका लागि त क्रुसको उपादेयता त्यत्रो महान् छ भने, त्यसबाट मुक्ति पाएका हामीहरूले झन् क्रुसलाई कस्तो केन्द्रविन्दु बनाउनु पर्छ सो सोच्नु हाम्रो अपरिहार्यता हो।

### उपसंहारः

अरू जानकारीका लागिःपढ्नुहोस्, एलेन जि ह्वाइटद्वारा लिखित *द डीजायर अभ् एजेज*का अध्याय, "कलभरी" पृ. ७४४-७५७ र "ईट इज फिनिस्ड," पृ. ७५८-७६४।

"अब स्वर्गदूतहरूले उद्धारकर्ताको क्रुसलाई हेरेर सन्तोषसाथ हर्षोल्लास गर्नेछन्ः हुनत, तिनीहरूले सबै कुरा बुझ्न सकेका थिएनन्, तर निश्चय रूपमा पापको नाश र सैतान सदाका लागि निर्मूल भएको, मानिसको मुक्तिका लागि आश्वस्त र सारा जगत् अनन्तसम्म सुरक्षित हुनेछ भनेर तिनीहरूलाई बोध भएको थियो। कलभरीको क्रुसमा आफ्नो बलिदानले के सम्पन्न भएको छ भनेर येशु पूर्णरूपमा विज्ञ हुनुहुन्छ। भविष्यमा उहाँको कार्यले सम्पन्न हुने थाहा पाएर नै उहाँले क्रुसमा झुन्डिनु भएको बेलामा चीत्कार गर्नुभयो, 'अव सिद्धियो' "-एलेन जि ह्वाइट, *द डिजायर अभ् एजेज्,* पृ. ७६४।

"क्रुसमा येशुको मृत्युले त्यस जीवको नाश भएको निश्चय भएको थियो जोसँग मृत्युको शक्ति थियो र जसले पापको सूत्रपात गरिएको थियो। जब सैतानको नाश हुन्छ तब दुष्टकार्य गर्न कसैले पनि फसाउन सक्नेछैन। पापको लागि प्रायश्चित्त गर्ने विधि वा येशुको बलिदान फेरि कहिल्यै पनि दोहोरिनु आवश्यक छैन। र परमेश्वरको जगत्‌मा अर्को विद्रोहको खतरा कहिल्यै पनि हुनेछैन।"- एलेन जि ह्वाइटको टिप्पनी, *द एसडीए बाइबल कमेन्टरी,* ठेली ५, पृ. ११३२।

**चिन्तनमननः**

क कति मानिसहरूले क्रुसलाई केवल परमेश्वरको प्रेमको प्रदर्शन मात्र भनेर त्यसको उपादेयतालाई सीमित राख्न खोज्दछ। तिनीहरूलाई

क्रुसको सक्दछ भनेर तिनीहरूले विश्वास गर्दथे। यस प्रकारको मनोवृत्ति इसाईका लागि चुनौती थियो किनभने बाइबलले यो सिकाउँछ मानव जगत् पतित भएको छ, स्वभावैले भ्रष्ट भएको छ, र बाहिरबाट हस्तक्षेप भएन भने उसको हालत कहालीलाग्दो भइरहन्छ। त्यसैकारण पावलले क्रुसका बारेमा यसरी अभिव्यक्त गर्दछः "क्रुसको सन्देश नाशतिर अग्रसर भइरहेकाहरूका लागि मूर्खता हो, तर हामी जो उद्धार पाएकाहरूका लागि परमेश्वरको शक्ति (सामर्थ्य) हो" (१ कोरन्थी १:१८)। ऊ भन्दछ, अन्तमा त्यस मौन शक्तिले विजय प्राप्त गर्नेछ र "जगत् संसारको हरेक जीवले घुँडा टेक्नुपर्दछ र येशु ख्रिष्ट नै परमेश्वर स्वामी भनेर स्विकार गर्नुपर्दछ" (फिलिप्पियन २:१०,११)।

यद्यपि, यस संसारमा हाम्रो उद्धारको निम्ति क्रुस केन्द्रगत भएर खडा भए तापनि यसको गरिमा र महिमा हाम्रो क्षेत्रभन्दा अपार छ।

"येशुको गरिमामय मृत्युको महत्त्व र उपादेयता सन्तहरू र स्वर्गदूतहरूले देख्नेछन्। पतित मानिसहरू जगत्को सुरुमा बलि हुनुभएको परमेश्वरको थुमाविना स्वर्गमा सहभागी हुनसक्दैनन्.... स्वर्गदूतहरूले उहाँको महिमा गर्दछन् र सम्मान गर्दछन्, किनभने परमेश्वरको पुत्रको महाकष्टलाई हेरेन भने तिनीहरू पनि सुरक्षित छैनन्। क्रुसको अचूक फलको प्रभावले तिनीहरू परमेश्वरप्रति सुरक्षित रूपमा बफादारी भएर बस्न सक्दछन्। क्रुसबिना स्वर्गदूतहरू त्यस दुष्टबाट सुरक्षित हुँदैन जुन सैतानको पतनभन्दा अगाडिका स्वर्गदूतहरू थिए। स्वर्गमा भएका सिद्ध स्वर्गदूतहरू लुसिफरको बहकावमा एक तिहाइ पतन भए। सिद्ध मानव पनि अत्यानन्दको अदन बगैंचामा पापरहित हुनबाट असफल भए। सारा जीव जो स्वर्ग र पृथ्वीमा सुरक्षित हुन चाहन्छ भने परमेश्वरको थुमालाई हेर्नुपर्दछ। मुक्तिको योजनाले परमेश्वरको न्याय र प्रेमलाई प्रकट गर्दछ। यस योजनाले जगत्मा भएका अरू अपतित जीवहरू विकृति वा विद्रोह नगर्न अनन्तसम्म सुरक्षा प्रदान गर्दछ र तिनीहरू मात्र होइन, जो कोहि थुमाको रगतले मुक्ति पाएकाहरू पनि सुरक्षित हुनेछ।"-एलेन जि ह्वाइटको टिप्पणी, *द एसडीए बाइबल कमेन्टरी,* ठेली ५, पृ. ११३२।



इजरायलमा, धेरैको पतन र उत्थानका निम्ति र धेरैबाट विरोधमा बोलिने एउटा चिन्हका निम्ति नियुक्त गरिएको छ, ताकि धेरै हृदयका विचारहरू प्रकट होऊन्। अनि तरबारले तिम्रो आफ्नै हृदय पनि छेड्नेछ।" (लुका २:३४,३५)। युनानी वा ग्रीक भाषामा तरबारको अर्थ एकदम भयङ्कर ठूलो औजार हो जसले मेरीको हृदयलाई छियाछिया बनाउन निर्धारण गरिएको थियो। मेरीले क्रुसको वेदना कसरी सहनु पर्ने हो सो को भविष्यवाणी गरेकी थिइन्। "सिमियोनका यो रहस्यमय शब्दहरू मेरीको चेतनामा चिसोसँग पसेको थियो होला किनभने यो अपशकुन सङ्केत मातृहृदयको लागि छटपटाहट ल्याउनु स्वाभाविक थियो।"-*द एसडीए बाइबल कमेन्टरी,* ठेली ५, पृ. ७०४।

येशुको मृत्युको बारेमा तलका पदहरूले के भन्दछन्? के उहाँको मृत्युका आवश्यकता नै थियो? मत्ती १६:२१, २६:५२-५४, मर्कूस १०:४५, लुका १८:३१-३३, युहन्ना ३:१४, हिब्रू ९:२५-२८

उपर्युक्त पदहरूमा के एकरूपता देखाइएको छ भने, येशु मर्नको लागि जन्मनुभयो। यो हुनु आवश्यक नै थियो। तर किन हुनु पऱ्यो त? उहाँको मृत्युका बारेमा पूरा रूपमा तर्क-वितर्क गरेर व्याख्या गर्न सकिंदैन भन्ने यथार्थलाई मान्न कर लाग्छ, किनभने यो तर्कहीन नभएको त होइन तर यो मानवचेतनाको परिधिभन्दा बाहिर अर्थात् परमेश्वरको अलौकिक योजनाका दायराभित्र परेको हुनाले। यो मृत्यु, परमेश्वरले मानव कल्याणका लागि उहाँले सम्पन्न गर्नुहुने कुनै पनि कार्यहरूको क्षेत्रभित्र परेको हो। उहाँको मृत्युले अलौकिक परमेश्वरको रहस्यलाई सजीव रूपमा प्रस्तुत गर्दछ। यो त्यो भागको "रहस्य हो, जुन युग-युग र पुस्तौंदेखि गुप्त रहेको अब उहाँका सन्तहरूलाई प्रकट भएको छ" (कलस्सी १:२६)। हुनसक्छ, यो मानवतर्क, विवेक, चेतना, सिद्धान्त वा न्याय दर्शन (logical)को परिधिभन्दा बाहिर भएकाले बाइबलले उहाँको मृत्यु किन न्यायोचित छ भनेर पूर्ण रूपमा व्याख्या गर्न खोज्दैन। फेरि उहाँको मृत्युलाई दाँज्न वा न्यायोचित ठहराउन न त बाइबलमा न त बाइबलभन्दा बाहिर कुनै पनि उदाहरण

लिन सकिन्छ। येशुको मृत्युले पापबाट उद्धार गर्ने परमेश्वरको योजना सम्पूर्ण जगत्को इतिहासमा केवल एक चोटी मात्र घट्ने घटना हो। हाम्रो अभिभारा यो होः बाइबलले मात्र उहाँको मृत्युको बारेमा के भन्छ भनेर बुझ्न खोज्नु, र उहाँको मृत्युले हाम्रो जीवनमा के प्रभाव पार्छ जसले गर्दा हाम्रो दैनिक जीवनचर्यामा लगनशील हुन सत् प्रदान गर्दछ भन्ने यथार्थमा सजग भएर बस्नु।

हाम्रो पापका निम्ति परमेश्वरले आफ्नो पुत्र पठाएर मृत्युमा जाकिनुभएको थियो भन्ने ज्ञानलाई आत्मसात् गर्दा, पाप कस्तो गम्भीर र खतरनाक रहेछ भनेर थाहा पाउनुपर्छ। पाप, जुन परमेश्वरको आज्ञाको उल्लङ्घन हो (१ युहन्ना ३:४- त्यो हो आफ्नै हातले कुँद्नु भएका दस शील वा दस आज्ञा) खेलाँचीको विषय होइन भनेर येशुको भयावह कष्टले देखाउँछ। तपाईंको आफ्नै जीवनमा पाप, अधर्म, अन्याय, दुष्टता आदिलाई कुन रूपमा लिनुहुन्छ? यसप्रति विजय प्राप्त गर्न कस्तो किसिमले प्रयत्नशील हुनुभएको छ?

## २. यो कसरी भयो त (मत्ती २७:४५,४६)

सुसमाचारका पुस्तकहरूले येशुको अन्तिम क्षणहरूलाई अत्यधिक मात्रामा प्रस्तुत गरेको पाउँछौं। समग्र रूपमा भन्ने हो भने सुसमाचारको पुस्तकको एक तिहाइ भाग येशुको अन्तिम वेदनाको सप्ताहको वृत्तान्तले ओगेटेको छ भने पनि हुन्छ। मर्कुसले एक तिहाइ भागभन्दा बेसी उहाँको मृत्युको अन्तिम क्षणहरू प्रस्तुत गरेको छ भने लुकाले एक चौथाइ भाग ओगेटेको छ। अनि युहन्नाले त आधा भाग नै यसका लागि अर्पण गरेको छ। यसैले यो स्पष्ट रूपमा देखाउँछ, हामीले केन्द्रित गर्नुपर्ने ध्यान नै येशुको अन्तिम महाकष्ट, मृत्यु र पुनरुत्थान हो। याद गर्नुहोस्, सुसमाचारका पुस्तकहरू, येशुको जीवन कहानी प्रस्तुत गर्न लेखिएको होइन, बरू उहाँको मृत्युको तात्पर्यतालाई धार्मिक वा आध्यात्मिक सारका रूपमा देखाउन खोज्नु हो।

येशुको अन्तिम वेदनामा उहाँले के भयावह परिस्थितिहरूको सामना गर्नुपर्‍यो सो देहाएका पदहरूलाई पढेर पुनर्विचार गर्नुहोस्ः



हाम्रा बीचमा कुनै फाटो हुँदैन, र बरू पूर्ण रूपमा सुमधुर सम्बन्धको पुनःस्थापन हुने तर्कलाई अघि सार्दछ। तर यो निर्णायक बुँदा हामीले सम्झनुपर्दछः यस मेलमिलापको कार्यका लागि मानिसबाट होइन, परमेश्वर आफैले सूत्रपात गर्नुभयो (रोमी ५:८-११)। "परमेश्वर स्वयं ख्रिष्टमा हुनुभएर संसारलाई आफूसँग मेलमिलापमा ल्याउँदै हुनुहुन्थ्यो" (२ कोरन्थी ५:१९)। पापले गर्दा सारा विश्व, धर्मी परमेश्वरका सामु दोषी ठहरिएर उभिएको छ। तर क्रुसले गर्दा परमेश्वरको सामु हाम्रो उपस्थितिमा परिवर्तन आएको छ, र यसरी सबै जना जो विश्वासद्वारा येशुमा आउँछन्, तिनीहरूले अजम्मरी जीवनको प्रत्याभूति पाउँदछन्।

क्रुसले गर्दा तपाईं विश्वाससाथ परमेश्वरका सामु सिद्ध, पवित्र र ग्रहणयोग्य हुने भएर उभिने अवसर पाउनु भएकोछ। येशुद्वारा तपाईं अब नयाँ रूपमा परमेश्वरका सामु उभिने अवसर पाउनुभएको अवसरलाई, तपाईले आफ्नो दैनिक जीवनमा कसरी प्रतिविम्व गर्न सक्नुहुन्छ?

## ५. सारा जगत्का सुरक्षाको अवधारणा

क्रुसको प्रतीक इसाई जगत्को केन्द्रविन्दु हो। अनि नयाँ करारको धर्मज्ञानमा मानवजातको अवस्थाका बारेमा धेरै कुराहरू खुलासा गरिएको छ। बाइबलले तत्कालीन मानिसको उपलब्धिलाई पार गरेर तिनीहरूको हृदयलाई चिरफार गर्दछ र तिनीहरूको यथार्थ हालतलाई आफूसमक्ष, परमेश्वरसमक्ष र जनमानससमक्ष पर्दाफास गर्दछ।

तलका पदहरूलाई केलाएर हेर्नुहोस्। मानिसको हालत वा अवस्थालाई यी पदहरूले कसरी पर्दाफास गर्दछन्, जसले गर्दा येशुको मृत्यु अपरिहार्य हुन आउँछ?

रोमी ३:१०,२३, १ कोरन्थी २:२, १५:३, गलाती ६:१४

ग्रीक र पौराणिक संसारले मानव जात आधारभूतमा हेर्ने हो भने नैतिकतामा सुस्वस्थ छ। यदि ठीक अवसर पायो भने, स्वाभाविक रूपमा हाम्रो भित्री असल गुणहरू फुल्न सक्दछ र फस्टाउन पनि

जसले गर्दा ती देवीदेवताहरू फेरि खुशी र आनन्दित होऊन् (hilaros)। तर नयाँ करारका विद्यार्थीहरूको बारम्बार ध्यानाकर्षणमा, यस पुस्तकका लेखकहरूले पौराणिक ग्रीक वा अरू पौराणिक कथाहरूबाट उपर्युक्त शब्दलाई प्रयोग गरिए तापनि त्यसमा एक-दम नयाँ अर्थ र सन्दर्भमा उल्लेख गरिएको पाएका छन्।

नयाँ करारका लेखकहरूले भन्न खोजेको “रिझाउन" शब्दलाई “expiation" अर्थात् पापबाट निवृत्त वा परिमार्जनगर्नु भनेर अनुवाद गर्नु पर्दछ भनेर धेरै बाइबलका विद्वान्हरू सहमत भएको पाउँछौं। यसबाट हामीले यो बुझ्नुपर्दछ, येशुको मृत्युले परमेश्वरले हामीलाई पापबाट निवृत्त पार्नुभएको छ, ढाक्नु भएको छ वा हाम्रो पापलाई मेटाउनुभएको छ। मानिसले परमेश्वरलाई अनेक कार्यबाट रिझाएर पापबाट छुटकार पाउनु वा उद्धार पाउनु भनेको नयाँ करारका लेखकहरूका लागि अत्यन्त नौलो कुरा हुने थियो। सारा मानव जात, पापले गर्दा परमेश्वरको क्रोधले नाश हुने चेतावनी पाएकाले, येशुको मृत्युले त्यसबाट उद्धार भएको छ भनेर तिनीहरूले जोड दिन चाहन्थ्यो। यही सन्दर्भमा येशु हाम्रो लागि प्रायश्चित्त (hilasterion) हुनुभयो जसले गर्दा परमेश्वरको क्रोधबाट हामीलाई ढाकिदिनुभयो। कुनै मानिसको पुण्य कार्यबाट पापबाट राहत पाउने होइन बरू येशुको रगतले मात्र पापबाट उद्धार पाउँछ भनेर नयाँ करारका लेखकहरूले बारम्बार दोहोऱ्याएका छन्।

घ. पुनःमेलमिलापको अवधारणा (katallage)

देहायका पदहरू पढ्नुहोस्। यी पदहरूले के मूलभूत विषयमा एउटै आवाज व्यक्त गरेका छन्? रोमी ५:१०,११, २ कोरन्थी ५:१८-२१, एफिसी २:१६, कलस्सी १:२०-२२।

पाप भनेको परमेश्वरबाट अलग हुनु र उहाँको इच्छालाई कुण्ठित गर्नु हो। यसले गर्दा हामीलाई परमेश्वरबाट अलग हुन्छौं, जसको नतिजा हो, मृत्यु।

परमेश्वर र हाम्रो बीचको सम्बन्धलाई पुनःस्थापना गरेर उहाँको तालमेलमा हिँड्नु पुनःमेलमिलापको अवधारणा हो। यसले अब परमेश्वर



मत्ती २७:२७-३१, ४५-५४, मर्कुस १५:२१-३२, यूहन्ना १९:२८-३०।

उपर्युक्त पदहरू पढेर तपाईंलाई कस्तो अनुभूति हुन्छ? तपाईं कस्तो भावले विभोर हुनु भएको छ, र किन?

येशुको मृत्यु र उहाँले सामना गर्नुपरेको परिस्थितिलाई पूर्ण रूपमा बुझ्न संसारमा रहेका कुनै मानिस पनि सक्षम छैनन्। भौतिक तवरले समावेश भएर यहूदीहरू र रोमीहरूले जुन सक्रियता येशुको मुद्दामा वा क्रुसमा देखाए त्यो केवल धार्मिक वा आध्यात्मिक संयोग मात्र हो। यसमा राष्ट्र र जातीय सहभागिताप्रति पूर्वाग्रह राख्नु आवश्यक छैन। यहूदीहरूप्रति दुराग्रह राख्नु र आधुनिक इटाली (त्यस ताकाका रोमी शक्ति) लाई उनीहरूका पुर्खाले गर्दा येशुको मृत्यु भयो भनेर दोषी बनाउनु धार्मिक रूपमा बेककुफी र मूर्खता व्यक्त गर्नु हो। यस्ता खालका मनोवृत्ति बाइबलले मूर्त्त रूपमा दिन खोजेको प्रबुद्ध ज्ञानको विपरीत हो। त्यस ताकाका मानिसहरूले जसरी येशुको मृत्युमा क्रियाशील देखाए, त्यो मामिला परमेश्वर र तिनीहरूको बीचको कुरा हो। तिनीहरूलाई औंल्याउनुभन्दा पहिले हामी आफैले सोच्नुपर्दछः यदि त्यस ताका हामी पनि त्यहाँ भएको भए हामीले के गर्ने थियौं होला? यथार्थमा बुझ्ने हो भने, हामी त्यहीं थियौं भने पनि हुन्छ !

मत्ती २६:३८ मा उल्लेख गरिएको छ, “मेरो प्राण गहिरो शोकले मरेतुल्य भएको छ।" उद्धारकर्ताको शिरमा यो कस्तो घोर वेदनाले पेलिराखेको थियो होला? यस कठोर अग्नि परीक्षाबाट उहाँ कसरी बाँच्न सफल हुनुभयो (लुका २२:४३)? “अन्तिम निर्णय गरिसकेपछि उहाँ मरेतुल्य भएर जमिनमा (गेतसमनीको बगैंचामा) लड्नुभयो" एलेन जि ह्वाइटले *द डिजाएर अभ् एजेज्*, पृ. ६९३ मा लेख्छिन्। यसको अर्थ यो हो, उहाँलाई रोमी सिपाहीहरूको हातबाट मर्नु भए तापनि उहाँले साङ्घातिक आघात पहिले नै खेपिसक्नुभएको थियो। त्यो आक्रमण गर्ने अरू कोही नभएर हाम्रै सामूहिक हातले गरेका थिए। तपाईंको आफ्नै पापले गर्दा येशुको मृत्यु भयो भन्ने ज्ञानले तपाईंलाई कस्तो अनुभूति

अहुन्छ? अझ महत्त्वपूर्ण जिज्ञासा त उपर्युक्त भावनाप्रति तपाईं कत्तिको संवेदनशील हुनुहुन्छ र त्यसलाई तपाईंले कस्तो प्रत्युत्तर दिनुहुन्छ?

**३. के काम सफलतापूर्वक सम्पन्न भयो - १**

यी पदहरूले केमा केन्द्रिभूत गरिएको छ?

१ कोरन्थी २:२, १५:३, गलाती ६:१४

नयाँ करारका लेखकहरूले विभिन्न उपमाहरू, प्रतीकहरू, चित्रणहरू र प्रतिबिम्बहरूलाई प्रयोग गरेर येशुमा परमेश्वरको उद्धारको कामलाई वर्णन गरिएको पाउँछौं। यस भागमा र चौथौं भागमा यस्ता केही उदाहरणहरू प्रस्तुत गरिएका छन्।

क. बलिदान, अर्पण वा भेटी, सट्टा या बदलाको अवधारणाःएफिसी ५:२ः येशुले “आफूलाई हाम्रा निम्ति परमेश्वरलाई सुगन्धित भेटी (prosphoran) र बलिदान (thusian) भएर अर्पण गर्नुभयो।" हिब्रु १०:१४:“पापलाई आफ्नै बलिद्वारा (prosphoran) हटाउन" उहाँ आउनुभयो। हिब्रु १०:१४:“उहाँको एउटै बलिदानले (prosphora) पवित्र बन्नेहरू सदाका लागि सिद्ध बनाउनुभयो।"

अरूको प्रतिनिधि भएर मृत्यु हुनु, हाम्रो सट्टामा मर्नु वा पापका लागि हामी मर्नु पर्ने ठाँउमा उहाँ मर्नु भयो भन्ने भावनाहरू उपर्युक्त पदहरूले दिएको छ। कसैको प्रतिनिधि भएर कष्ट भोग्नु भनेको एक जनाको सट्टामा अर्कोले दुःख सहनु हो। १ कोरन्थी १५:३ मा पावलले भन्दछ, “येशु हाम्रो पापका निम्ति मर्नु भयो।" र १ पत्रुस २:२४ मा पत्रुसले भन्दछ येशुले “त्यस रूखमा उहाँको शरीरले हाम्रा पापहरू बोक्नु भयो।"

ख. बन्दीमोचन मूल्य वा निष्कृति धनः बन्दीमोचन (ransom) भन्ने शब्द युनानी वा ग्रिकमा प्रयोग गरिएको लुट्रन (lutron) बाट आएको हो। यसको अर्थ केही चिजलाई दाखिला वा हस्तान्तरण गरेकोलाई मोल तिर्नु हो। पौराणिक ग्रीकहरूमा यो शब्द दासहरूको मुक्ति वा युद्ध बन्दीलाई मोल तिरेर छुटाउनुलाई प्रयोग गरिएको थियो। ती पवित्र सेवाको विषयलाई प्रयोग गरिएको पाउँछौः मत्ती २०:२८



(मर्कुस १०:४५ सँग दाँज्नुहोस्)ः येशु" आफ्नो जीवन दिनुभएर धेरैका लागि मोल (lutron) तिर्न" आउनुभयो। (यहाँ धेरैको अर्थ सबै हुन आउँछ)।

लुट्रन (lutron) भन्ने जुन शाब्दिक परिवारबाट आएको थियो, त्यसले हाम्रो सट्टामा येशु बलिदान हुनु भएकोलाई चित्रण गर्दछ। हाम्रा लागि उहाँले आफ्नो ज्यान वा जीवन दिनुभयो। प्रारम्भिक ग्रीक भाषामा यो शब्दको काललाई विशेष घटनालाई औंल्याएर प्रयोग गरिएको छ अर्थात् क्रुसमा येशुको मृत्यु। यहाँ प्रस्तुत गरिएको आधारभूत धारणाले यो बताउँछ हामीहरू पापका दास हौं, अनन्त मृत्युका लागि दोषी ठहराइएका हौं, र हाम्रो कुनै व्यक्तिगत धर्मकर्म, दानदक्षिणा, तीर्थ यात्रा वा कसरतले त्यसबाट छुटकारा पाउन असमर्थ छौं। त्यसैकारण येशु आउनु भएर हाम्रो पापको मोल चुकाउनुभयो, उहाँ हाम्रो लुट्रन (lutron) हुनुभयो।

तपाईंले कति जानाजानी गलत कामहरू गर्नुहुन्छ त्यसको बारेमा सोच्नुहोस्। तपाईंको गलत आचरण वा कामले गर्दा तपाईंले भोग्नुपर्ने सजायको सट्टा येशुजस्तो निर्दोष व्यक्तिले भोग्नुपर्‍यो, यसका बारेमा सोच्नुहोस्।

**४. के काम सफलतापूर्वक सम्पन्न भयो - २**

अघिल्लो बुँदामा हामीले दुई रूपकहरू (metaphors) वा उपमाहरूले येशुको मृत्युले के काम सम्पन्न भयो भनेर नयाँ करारका लेखकहरूले प्रस्तुत गरेको हेर्‍यौं। दुई वटा अर्को यहाँ प्रस्तुत छन्ः

ग. रिझाउने कार्य वा प्रायश्चित्त गर्ने (hilasterion) धारणाः येशु यस संसारमा आउनुको लक्ष्य हिब्रु २:१७ मा यसरी लेखिएको छः “उहाँ.. मानिसहरूका पापको प्रायश्चित्त गर्नलाई परमेश्वरको सेवामा उहाँ कृपालु र विश्वस्त प्रधान पुजारी बन्नुभयो।" प्रायश्चित गर्ने काम वा रिझाउने काम भन्दा कसैलाई चित्त बुझाउनु वा शान्त पार्नु हो। यसको अर्थ यो हो, जब देवताहरू रिसाउँछन्, तिनीहरूको रिसलाई मत्थर (hilasterion)गर्न मानिसहरूले नै अनेक किसिमले रिझाउन खोज्नुपर्दथ्यो